जि.प्रशा.का.दर्ता नं. १७१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**


संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ४ | अंक : १७ | २०८३ साल बैशाख २१ गते, सोमबार | Monday, May.– 04 2026 | मूल्य रु. ५/- पृष्ठ : ४

## पचरौता-गुलरिया सीमामा दसगाजा नजिक मदिरा कारोबार खुलेआम, प्रहरी संरक्षण र तस्करीको आरोप







***संवाहक सम्वादाता**-२० बैशाख, कलैया*

बाराको पचरौता नगरपालिका अन्तर्गत गुलरिया सिमानाकामा प्रहरीको संरक्षणमै मदिरा बिक्री-वितरण राति अबेरसम्म खुलेआम भइरहेको स्थानीयले आरोप लगाएका छन्। सीमावर्ती क्षेत्रमा सञ्चालनमा रहेका दर्जनौं होटल तथा पसलमध्ये केही नेपाली नाममा दर्ता भए पनि अधिकांश भारतीय नागरिकले सञ्चालन गरिरहेको दाबी गरिएको छ।दशगाजा (०-२० मिटर) मा त कुनै पनि व्यवसाय कानुनी रूपमा अवैध हुन्छ

त्यसपछि पनि सीमा नजिकका क्षेत्रमा जोखिम मूल्यांकन अनुसार प्रशासनले रोक्न वा हटाउन सक्छ। स्थानीयका अनुसार सो क्षेत्रमा राति अबेरसम्म मदिरा सेवन हुने र भारत बिहारतर्फका नागरिकहरू आएर सार्वजनिक रूपमा अभद्र व्यवहार गर्ने घटनाले टोलमै बस्न कठिन भएको छ। दसगाजा क्षेत्रको कानुनी मापदण्ड विपरीत सीमासँगै जोडेर व्यवसाय सञ्चालन भइरहेको उनीहरूको भनाइ छ।

व्यवसायीहरूले भने स्थानीय तहबाट दर्ता अनुमति लिएर सञ्चालन भइरहेको दाबी गरेका छन्। तर, व्यवसाय टिकाइराख्न स्थानीय प्रहरी तथा केही स्थानीय तहका व्यक्तिलाई मासिक रूपमा अतिरिक्त रकम बुझाउने गरिएको समेत खुलेको स्रोतको दाबी छ।

त्यसैगरी, सो क्षेत्रबाट मदिरा तस्करीसमेत सीमापार हुने गरेको र नगद कारोबार भारतीय रुपैयाँमा हुने गरेको स्थानीय स्रोतले जनाएको छ। नेपाली रुपैयाँको प्रयोग नगरी मूल्य निर्धारणसमेत भारतीय रुपैयाँमै हुने गरेको बताइएको छ।

स्थानीयवासीले सीमाक्षेत्रमै खुलेआम मदिरा कारोबार हुँदा सुरक्षा चुनौती

बाँकी तेस्रो पृष्ठमा

## लिपुलेक-कालापानी विषयमा नेपाल सरकार अडिग, चीन- भारतलाई कूटनीतिक नोट

***काठमाडौं, वैशाख २० –***

लिपुलेक, कालापानी र लिम्पियाधुरा क्षेत्रबारे नेपाल सरकारले पुनः आफ्नो अडान सार्वजनिक गर्दा अब ध्यान केवल दाबी दोहोऱ्याउनेभन्दा कूटनीतिक सन्तुलन कायम गर्दै समाधानतर्फ कसरी अगाडि बढ्ने भन्नेमा केन्द्रित भएको देखिन्छ।

परराष्ट्र मन्त्रालयको ताजा विज्ञप्तिमा १८१६ को क्गनबगषि त्वभबतथ लाई आधार मान्दै उक्त क्षेत्र नेपालको अभिन्न भू-भाग रहेको स्पष्ट पारिएको छ। तर, यसपटकको सन्देशमा केवल ऐतिहासिक दाबी मात्र होइन, संवादमार्फत समाधान खोज्ने प्राथमिकता पनि उस्तै जोडका साथ प्रस्तुत गरिएको छ।

नेपालले यसअघि जस्तै क्ष्लमष्ब लाई विवादित क्षेत्रमा सडक





निर्माण, व्यापार वा तीर्थयात्रा जस्ता गतिविधि नगर्न आग्रह दोहोऱ्याएको छ। यद्यपि, लगातारको आग्रहका बाबजुद यस्ता गतिविधि रोकिन नसक्नुले नेपालको कूटनीतिक प्रभावकारितामाथि प्रश्न उठाइरहेको छ। यस्तो अवस्थामा औपचारिक विरोध मात्रै पर्याप्त हुन्छ कि थप सक्रिय कूटनीतिक पहल आवश्यक छ भन्ने बहस पनि सुरु भएको छ।

बाँकी तेस्रो पृष्ठमा

## सिर्सिया नदी संरक्षणका लागि तत्काल पहलको माग

***संवाहक सम्वादाता**-२० बैशाख, कलैया*

वीरगञ्ज महानगरपालिका तथा आसपासका क्षेत्रका हजारौँ नागरिकको जीवनसँग प्रत्यक्ष रूपमा जोडिएको सिर्सिया नदी अहिले गम्भीर प्रदूषण र अतिक्रमणको चपेटामा परेको छ।

एक समय पवित्र र जीवनदायिनी मानिने यो नदी हाल औद्योगिक फोहोर, रासायनिक ढल तथा अव्यवस्थित कचरा व्यवस्थापनका कारण अत्यन्त दूषित बन्दै गएको स्थानीयवासीले बताएका छन्। नदीको यस्तो अवस्थाले नेपाल मात्र होइन, सीमापार भारतको रक्सौल क्षेत्रसम्म समेत असर पारेको बताइएको छ।

स्थानीयका अनुसार प्रदूषित पानीका कारण दुर्गन्ध फैलिनुका साथै



स्वास्थ्य समस्या, कृषि उत्पादनमा कमी, भूमिगत पानी प्रदूषण तथा समग्र वातावरणीय संकट देखिन थालेको छ। नदी किनारमा बसोबास गर्ने समुदाय सबैभन्दा बढी प्रभावित भएका छन्।

लामो समयदेखि नागरिकस्तरमा आन्दोलन र विभिन्न प्रयास भए पनि समस्या समाधानतर्फ ठोस प्रगति नभएको अभियन्ताहरूको गुनासो छ। अभियन्ता ओमप्रकाश सरार्फले प्रधानमन्त्रीलाई सम्बोधन गर्दै खुला पत्रमार्फत तत्काल हस्तक्षेपको माग गरेका छन्।

बाँकी तेस्रो पृष्ठमा

## सुकुम्वासी व्यवस्थापनमा रास्वपाको दबाब : चैतभित्र ७५% समस्या समाधान गर्न सुझाव

***काठमाडौं, वैशाख २० –***

Rastriya Swatantra Party ( रास्वपा) ले वास्तविक सुकुम्वासीको समस्या समाधानमा सरकारलाई समयसीमा तोक्दै चैत मसान्तभित्र कम्तीमा ७५ प्रतिशत व्यवस्थापन गरिसक्न सुझाव दिएको छ।

पार्टी कार्यालय बनस्थलीमा आइतबार बसेको सचिवालय बैठकले यस्तो निर्णय गरेको हो। बैठकपछि प्रवक्ता मनिष झाले अव्यवस्थित बसोबासको समस्या समाधान गर्न सरकारलाई अधिकारसम्पन्न प्राधिकरण गठन गरी वास्तविक भूमिहीन सुकुम्वासीको पहिचान र





व्यवस्थापनमा शीघ्र पहल गर्न आग्रह गरिएको जानकारी दिनुभयो। रास्वपाले असुरक्षित रूपमा बसोबास गर्दै आएका वास्तविक भूमिहीन नागरिकबाहेक अन्यको हकमा भने प्राधिकरणको प्रतिवेदन नआएसम्म कुनै पनि कारबाही अघि नबढाउन

बाँकी तेस्रो पृष्ठमा

## बोक्सीको आरोपमा जघन्य अत्याचार : पूर्व वडा सदस्यलाई अमानविय दुर्व्यवहार

***रौतहट, वैशाख २० –***

रौतहटको कटहरिया नगरपालिकामा बोक्सीको आरोप लगाउँदै एक दलित महिलामाथि गरिएको अमानवीय र जघन्य व्यवहारको घटना सार्वजनिक भएको छ।

कटहरिया-९ निवासी करिब ५५ वर्षीया पूर्व वडा सदस्य अंकलिया देवी मुसहरलाई स्थानीय केही व्यक्तिहरूले बलपूर्वक मानव मलमूत्र खुवाएको आरोप लागेको हो। घटना शनिबार साँझ डुमरिया मुसहरी टोलमा भएको बताइएको छ।

प्राप्त जानकारीअनुसार छिमेकी पुकार माझीको घरमा विवाह समारोह चलिरहेका बेला जन्तीमा आएका करिब १० वर्षीय बालकले उल्टी गरेका थिए। सोही घटनालाई निहुँ बनाएर पीडित महिलामाथि जादू-टोना गरेको आरोप लगाइएको



थियो। त्यसपछि १५-२० जनाको समूह घरभित्र प्रवेश गरी कुटपिट गर्दै बियरको बोतलमा घोलेको मलमूत्र जबर्जस्ती खुवाएको पीडितकी छोरीले बताएकी छन्।

घटनापछि प्रहरी टोली घटनास्थल पुगेर अचेत अवस्थामा रहेकी महिलालाई उद्धार गरी उपचारका लागि स्वास्थ्य संस्थामा पठाएको थियो। उपचारपछि उनको अवस्था सामान्य बन्दै गएको बताइएको छ। आरोपीहरूलाई पक्राउ गर्न पुगेको

बाँकी तेस्रो पृष्ठमा

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !"
- सेक्सपियर

**प्रकाशक/सम्पादक**
पन्नालाल दास
सम्पर्क नं.:– ९८४५२१७०१९
९८०६८१४३०२

**सह-सम्पादक**
मुन्ना कुमार

**सामाचार सम्पादक**
सरोज दास

**कानुनी सल्लाहकार**
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

**कम्प्यूटर सेटिङ्ग**
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

# सम्पादकीय ........

## तस्करीको जालो : बारा–रौतहटमा राज्यकै चुनौती

मधेश प्रदेशअन्तर्गत बारा र रौतहट जिल्लामा फैलिँदै गएको तस्करी सञ्जालले राज्यको सुरक्षा संयन्त्र, राजस्व प्रणाली र कानुनी शासनमाथि गम्भीर प्रश्न खडा गरेको छ। सीमावर्ती नाकाहरू–बसवरिया, पिपरपाती, बेलदारी, अगरवा लगायत–बाट दिनहुँ मोटरसाइकल र साना सवारीमार्फत हुने अवैध ओसारपसारले यो गतिविधि सामान्य अपराधभन्दा धेरै ठूलो, संगठित र संरक्षणप्राप्त नेटवर्कको रूप लिइसकेको संकेत गर्छ।

पछिल्ला घटनाक्रमले झनै चिन्ताजनक अवस्था देखाएका छन्। भारतीय सुरक्षाकर्मीले बारम्बार अवैध सामग्री नियन्त्रणमा लिँदा नेपालतर्फको निगरानी कमजोर देखिनु केवल संयोग होइन। बरु, यसले सीमापार समन्वयमा असन्तुलन र नेपालभित्रै संरचनागत कमजोरी रहेको संकेत गर्छ। अझ गम्भीर कुरा, स्थानीयले उठाउँदै आएका "सेटिङ" र सुरक्षा निकायकै संरक्षणसम्बन्धी आरोपहरू हुन्। यदि यस्ता आरोपमा सत्यता छ भने, यो केवल प्रशासनिक विफलता होइन–यो राज्यकै विश्वसनीयतामाथिको संकट हो।

तस्करीको मार्ग र संरचना हेर्दा यसको गहिराइ प्रस्ट हुन्छ। सीमाबाट भित्र्याइएका सामानहरू गाउँ-टोलका अस्थायी गोदाममा भण्डारण गरी विभिन्न सवारीमार्फत काठमाडौंसम्म पुर्‍याइने गरिएको विवरणले यो नेटवर्क स्थानीय स्तरदेखि राष्ट्रिय बजारसम्म फैलिएको देखाउँछ। यसबीचमा "लाइन क्लियर" गर्न विभिन्न बिन्दुमा रकम लेनदेन हुने दाबीले भ्रष्टाचारको जालो अझ गहिरो भएको संकेत दिन्छ।

सुरक्षा निकायले जनशक्ति अभाव र खुला सिमानालाई मुख्य चुनौतीका रूपमा औंल्याउनु यथार्थ हो। तर, यही तर्कलाई ढाल बनाएर जिम्मेवारीबाट पन्छिन मिल्दैन। किनकि, सीमित स्रोतसाधनबीच पनि प्रभावकारी निगरानी, सूचना व्यवस्थापन र आन्तरिक अनुशासन कायम गर्न सकिन्छ। हालैका केही घटनामा आफ्नै अधिकारीमाथि लागेको आरोप र गरिएको कारबाहीले समस्या बाह्यभन्दा आन्तरिक पनि उत्तिकै गम्भीर रहेको देखाउँछ।

अब प्रश्न उठ्छ–समाधान के?

पहिलो, सीमावर्ती क्षेत्रमा प्रविधिमैत्री निगरानी ( CCTV, ड्रोन) र संयुक्त गस्तीलाई प्राथमिकता दिनुपर्छ।

दोस्रो, सुरक्षा निकायभित्रको आन्तरिक अनुगमन र जवाफदेहिता कडा बनाइनुपर्छ।

तेस्रो, स्थानीय समुदायसँगको सहकार्य बढाउँदै सूचना प्रणालीलाई विश्वासिलो बनाइनुपर्छ।


र अन्ततः, तस्करी नियन्त्रणलाई केवल "अपरेसन" नभई दीर्घकालीन रणनीतिक अभियानका रूपमा लिनुपर्छ।

तस्करी केवल अवैध व्यापार होइन–यो राज्यको आर्थिक मेरुदण्डमा प्रहार हो। यसले वैध व्यवसायलाई कमजोर बनाउँछ, राजस्व गुमाउँछ र आपराधिक सञ्जाललाई बलियो बनाउँछ। त्यसैले, बारा-रौतहटमा देखिएको यो प्रवृत्तिलाई समयमै नियन्त्रण गर्न नसके, यसको प्रभाव राष्ट्रिय स्तरमै गम्भीर हुन सक्छ। अहिलेको आवश्यकता स्पष्ट छ–कडा इच्छाशक्ति, पारदर्शी कार्यान्वयन र शून्य सहनशीलता।

# शिक्षा रूपान्तरणको मार्ग




शैक्षिक क्षेत्रमा विगतदेखि नै समस्या थपिँदै गएर एउटा ठुलो पहाड नै बनेको छ। ती समस्या कपालको गुजुल्टो झैँ यसरी अल्झिएका छन् कि कहाँबाट फुकाउन सुरु गर्ने भन्नेमै अन्योल हुन्छ। त्यसमाथि प्रविधि र भूमण्डलीकरणको बढ्दो प्रभावले गर्दा शिक्षा गभर्नेन्स दिनप्रतिदिन थप चुनौतीपूर्ण र जटिल बन्दै छ।



हरिप्रसाद लम्साल

सुधार र रूपान्तरणको आशामा बसेको नेपालको शैक्षिक क्षेत्र धेरै समयदेखि सङ्क्रमणकालबाट गुज्रँदै आएको छ। यो सङ्क्रमणकाल पछिल्ला वर्षमा अझ बढी संवेदनशील र चुनौतीपूर्ण बनेको देखिन्छ। प्रस्तुत सन्दर्भमा नयाँ सरकारले कार्यभार समालेको भर्खर एक महिना मात्र भएको छ। यस अल्प अवधिमै सरकार वा मन्त्रीको कार्यसम्पादनमाथि पूर्ण टिप्पणी गरिहाल्ने बेला त भइसकेको छैन तर 'हुने बिरुवाका चिल्ला पात' भने झैँ प्रारम्भिक कदमले भविष्यको सकारात्मक सङ्केत गर्छ तर व्यवहारमा त्यो अनुभव हुन पाएनभन्दा अन्यथा हुँदैन। यस अवधिमा भएका केही निर्णय स्पष्ट रूपमा प्रश्नको घेरामा परेका छन्।

शैक्षिक क्षेत्रमा विगतदेखि नै समस्या थपिँदै गएर एउटा ठुलो पहाड नै बनेको छ। ती समस्या कपालको गुजुल्टो झैँ यसरी अल्झिएका छन् कि कहाँबाट फुकाउन सुरु गर्ने भन्नेमै अन्योल हुन्छ। त्यसमाथि प्रविधि र भूमण्डलीकरणको बढ्दो प्रभावले गर्दा शिक्षा गभर्नेन्स दिनप्रतिदिन थप चुनौतीपूर्ण र जटिल बन्दै छ। यो अवस्था नेपालको मात्र नभई एक विश्वव्यापी लहर नै हो। कोस्टर र बर्नले सन् २०१६ मा प्रकाशित गरेको 'गभर्निङ एजुकेसन इन अ कम्प्लेक्स वर्ल्ड' नामक अध्ययनमा पनि शिक्षा गभर्नेन्समा बढ्दो जटिलतालाई स्पष्ट रूपमा स्वीकार गरेका छन्।

शैक्षिक क्षेत्रमा विद्यमान बहुआयामिक जटिलतालाई चिर्न असम्भव भने छैन। 'जहाँ समस्या, त्यहाँ समाधान' भने झैँ यसका लागि सुझबुझपूर्ण रणनीति आवश्यक हुन्छन्। यसका लागि हाम्रो विगतको सिकाइ, विज्ञसँगको परामर्श, अन्य मुलुकका सफल अभ्यास र परिपक्व राजनीतिक इच्छाशक्ति चाहिन्छ। बहुतह र बहुसरोकारवाला भएको शिक्षा गभर्नेन्सका क्षेत्रमा प्राथमिकताको साझा सूची चाहिन्छ। यस लेखमा शैक्षिक क्षेत्रको सुधारका लागि केही व्यावहारिक र कार्यान्वयनयोग्य उपाय सुझाइएको छ।

'इन्नोभेसन एन्ड स्क्यानिङ युनिट' को अवधारणा : प्रविधिको तीव्र विकासले गर्दा विश्वमा हरक्षण नयाँ सोच र विचारको उदय भइरहेको छ। परम्परागत सोच एवं विधि र विषयवस्तु प्रतिस्थापन हुँदै छन्। यस्तो गतिशील समयमा हाम्रो शैक्षिक प्रणालीलाई अद्यावधिक राख्न एउटा विशिष्ट र दक्ष टोली चाहिन्छ, जसले विद्यालय र स्थानीय तहदेखि अन्यत्र मुलुकमा भएका सफल शैक्षिक अभ्यासको निरन्तर निगरानी गरी अभिलेखन गर्न सक्छ। कुन विधिले काम गरिरहेको छ र कुन विधि पुराना वा निष्प्रभावी भइसके भन्नेबारे यसले सूक्ष्म अध्ययन गर्ने छ। यसले केवल किताबी ज्ञान मात्र होइन, प्रविधि, एआई र भविष्यको श्रमबजारको मागलाई समेत स्क्यान गर्ने छ। 'मस्तिष्क टोली' बाट प्राप्त सूचनाले नवीनतम प्रयोगलाई शिक्षा नीति तथा कार्यक्रम र कक्षाकोठासँग जोड्न सहजीकरण गर्नुका साथै शिक्षामा समस्या समाधान गर्न सहयोग पुग्छ।

कानुन निर्माणमा परामर्श : शिक्षा क्षेत्रका महत्वपूर्ण कानुन मसौदा गर्न विज्ञ सम्मिलित टोलीबाट काम गर्नु उपयुक्त हुन्छ। मसौदा तयार गर्ने मात्र नभई सरोकारवालासँग पर्याप्त र अर्थपूर्ण संवाद चाहिन्छ। साथै विगतमा भएका अध्ययन, आयोगका प्रतिवेदन र सुझावको सूक्ष्म विश्लेषणले पनि केही आधार प्रदान गर्न सक्छ। केही समसामयिक विषयमा थप अध्ययन एवं अनुसन्धान चाहिन सक्छ।

सिटिइभिटीको र अन्य निकायको पुनर्संरचना : मुलुक विकासका लागि तत्काल आवश्यक न्यून र मध्यमस्तरीय सिपयुक्त जनशक्ति उत्पादनका लागि समग्र प्राविधिक तथा व्यावसायिक क्षेत्रको पुनर्संरचना चाहिने हो तर यसको सुरुवात प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को पुनर्संरचनाबाट गर्न सकिन्छ। साथै सङ्घ र प्रदेशसँग कार्यक्षेत्र बाझिएका कतिपय निकायका कामलाई समन्वयात्मक ढङ्गबाट काम गर्न संस्थागत समायोजन गर्न पनि सकिन्छ। यसले सङ्घ, प्रदेश र स्थानीय तहको कामका बिचमा एक प्रकारको सिनर्जी कायम गर्न सक्छ।

उच्च शिक्षाको पुनर्संरचना र संस्थागत समायोजन : विश्वविद्यालय अनुदान आयोगको क्षमता विकास गरी यसलाई उच्च शैक्षिक संस्थाबिचमा स्तर निर्धारण र समन्वयमा लगाउनु पर्छ। पाठ्यक्रम र अनुसन्धानमा जोड दिन हालका कार्यक्रमको पुनर्संरचना गरे पुग्छ। अन्तर्राष्ट्रिय मापदण्ड अनुसार पाठ्यक्रमलाई अद्यावधिक गर्दै शिक्षण विधिसँग अनुसन्धानलाई जोड्ने र शिक्षकको दक्षता अभिवृद्धिमा ध्यानकेन्द्रित गर्न सकिन्छ।

पाठ्यक्रम र तालिममा आमूल परिवर्तन : समयको गति र प्रविधिको फड्कोसँगै हाम्रा पाठ्यक्रम र तालिमका विधि पनि रूपान्तरित हुनु पर्छ। पुरानो पद्धतिले नयाँ पुस्ताको जिज्ञासा र बजारको मागलाई सम्बोधन गर्न सक्दैन। त्यसैले यसमा 'टालटुले सुधार' मात्र होइन, 'आमूल परिवर्तन' को आवश्यकता छ।

बिदेसिने विद्यार्थीको विषयमा अध्ययन र नियमन : हरेक वर्ष हजारौँ विद्यार्थी उच्च शिक्षाका नाममा बिदेसिन्छन्। यसमा सूक्ष्म अध्ययन हुन सकेको छैन। 'नेपाली विद्यार्थी पलायन' बारे व्यापक अध्ययन गरी शैक्षिक परामर्श र विदेशी शैक्षिक कार्यक्रमको पारदर्शी मूल्याङ्कन गरी यसलाई नियमनको दायरामा ल्याउनु पर्छ।

शिक्षक क्षमता विकासका लागि सहयोग र संवाद : शिक्षण संस्थाको गुणस्तर केवल भवन वा प्रविधिमा मात्र निर्भर हुँदैन, यो त मुख्य रूपमा शिक्षकको कुशलतामा अडिएको हुन्छ। यसका लागि शिक्षकलाई क्षमता विकास, पेसागत सहयोग र प्रविधिसँगको नियमित अन्तर्क्रियामा योजनाबद्ध ढङ्गबाट संलग्न गराउन ढिला भइसक्यो।

सुपरिवेक्षण पद्धतिको पुनर्स्थापना : हालको शिक्षा प्रणालीमा विद्यालय सुपरिवेक्षणको पद्धति पूर्ण रूपमा ओझेलमा परेको वा लुप्त भएको देखिन्छ। गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र शैक्षिक जवाफदेहिता बढाउन यस प्रणालीलाई तत्काल पुनर्स्थापित गर्नु अपरिहार्य छ।

प्रविधिको पूर्वाधार र प्रयोग : शैक्षिक क्षेत्रमा नवीनता ल्याउन केवल सफ्टवेयर किनेर मात्र पुग्दैन, त्यसका लागि बलियो जग चाहिन्छ। प्रविधि र एआई एउटा शक्तिशाली औजार हो तर यसको प्रभावकारिता चलाउने व्यक्तिको क्षमता र चल्ने पूर्वाधारमा निर्भर गर्छ। पूर्वाधारले 'शरीर' को काम गर्छ भने क्षमता र संवादले त्यसलाई चलाउने 'प्राण' को काम गर्छन्। यी दुईबिचको सन्तुलन मिलेमा मात्र शैक्षिक क्षेत्रको 'रौँको गुजुल्टो' जस्तो समस्यालाई प्रविधिको माध्यमबाट फुकाउन सकिन्छ।

शैक्षिक स्तरीकरण र जवाफदेहिता : विद्यालय तथा शैक्षिक संस्थाको वस्तुगत स्तरीकरण गरी सोको विवरण सार्वजनिक गर्ने परिपाटीले शैक्षिक क्षेत्रमा जवाफदेहिता र पारदर्शिता प्रवर्धन गर्न ठोस सहयोग पुर्‍याउँछ। यस प्रक्रियाले शिक्षाको गुणस्तरलाई अङ्क वा श्रेणीमा मात्र सीमित नगरी समग्र पद्धतिमा व्यापक सुधार ल्याउने सामर्थ्य राख्दछ।

'रियल-टाइम' डिजिटल अन्तर्क्रिया : वर्तमान प्रशासनिक संरचनामा तीन तहका सरकारबिच सूचना र प्रणालीको आपसी संवाद प्रभावकारी रूपमा हुन सकेको छैन। एउटा एकीकृत सफ्टवेयर प्रणालीमार्फत यी निकायलाई 'रियल-टाइम' मा जोड्नु अब विकल्प मात्र नभई आवश्यकता बनेको छ। यस्तो सफ्टवेयर प्रणालीले योजना निर्माणदेखि प्रतिवेदनसम्मको प्रक्रियालाई मात्र सहज बनाउँदैन। बरु सुशासनको एउटा बलियो मानकसमेत स्थापित गर्छ। प्रविधि र एआईको प्रयोग गरी यस्तो अन्तरसरकारी प्रणालीको विकास गर्नु नै आजको सङ्घीयताको मुख्य कार्यभार हुनु पर्दछ।

निर्णय प्रक्रियामा संस्थागत पद्धति : शैक्षिक क्षेत्रभित्रका विभिन्न उपक्षेत्र एकआपसमा अन्तरसम्बन्धित र अन्तरनिर्भर पनि हुने भएकाले कुनै एक क्षेत्रको एकल निर्णयभन्दा उपक्षेत्रको बिचमा समन्वय गरी विज्ञ टोलीको सहभागितामा सामूहिक निर्णय प्रक्रिया थप लाभदायक हुन सक्छ।

विद्यालय तह र कक्षाकोठामा जीवन्त संवाद : विद्यालय व्यवस्थापन समिति, शिक्षक, शिक्षक तथा अभिभावक सङ्घ र प्रधानाध्यापकबिचमा हुने संवादलाई औपचारिकतामा मात्र सीमित नराखी सार्थक र जीवन्त बनाउनु आवश्यक छ। यसका लागि स्थानीय तहको अगुवाइमा एक 'संवाद टुलकिट' र 'नियमित समय तालिका' निर्माण गरी लागु गर्न सकिन्छ।

***अन्त्यमा***

एक महिनाको छोटो अवधिमै कसैको कार्यशैलीबारे पूर्ण टिप्पणी गर्नु उचित नहोला तर केही हतारिला निर्णय र पर्याप्त संवादको अभावले सरोकारवालामा अविश्वास पैदा हुनु स्वाभाविक हो। युवा जोस भनेको केवल आवेग मात्र होइन, यो त एउटा विवेकशील ऊर्जा पनि हो। त्यसैले विज्ञसँगको परामर्शलाई आत्मसात् गर्दै संरचनात्मक सुधारलाई पहिलो प्राथमिकतामा राख्नु पर्छ। यसो गर्न सकेमा यही सुधारले अन्य सानाठुला समस्यालाई विस्तारै सुल्झाउँदै लैजान सहयोग गर्ने छ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार


## एसी विस्फोटपछि आगलागी हुँदा ९ जनाको मृत्यु

*काठमाडौं –वैशाख २०*

आइतबार बिहान दिल्लीको एक बहुतले घरमा एअर कन्डिसनर (एसी) विस्फोटपछि आगलागी हुँदा ९ जनाको घटनास्थलमा नै मृत्यु भएको छ ।

आगलागीमा परी एक बालक र चार महिलासहित कम्तीमा नौ जनाको मृत्यु भएको । त्यस्तै, कम्तिमा २० जना घाइते भएका दिल्ली प्रहरीले जनाएको छ । घाइतेहरुलाई स्थानीय अस्पतालमा भर्ना गरिएको छ ।

पूर्वी दिल्लीको विवेक विहार इलाकामा पीडितहरु सुतिरहेका बेला विस्फोट र आगलागी भएको हो । एसी विस्फोटपछि लागेको आगो केही मिनेटमा नै पूरै घरमा फैलिएको प्रहरीले जनाएको छ ।



आगो नियन्त्रणका लागि दमकलसहितका १४ वटा टोली खटिएका थिए । एयर कन्डिसनरमा विस्फोट हुनुको कारणबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## द्वन्द्व अन्त्यका लागि इरानले राख्यो अमेरिकासँग यस्ता माग

*तेहरान – वैशाख २०*

इरानले अमेरिकासँगको द्वन्द्व अन्त्यका लागि १४ बुँदे प्रस्ताव पठाएको छ । पाकिस्तानमार्फत इरानले यो प्रस्ताव अघि सारेको हो।

प्रस्तावका मुख्य बुँदाहरुमा ३० दिनभित्र सबै समस्या हल गर्दै युद्ध समाप्त गर्ने, भविष्यमा अमेरिकाले आक्रमण नगर्ने सुनिश्चतता, इरान आसपासबाट अमेरिकी सेनाको फिर्ती, अमेरिकी जलसेनाले लगाएको अवरोध खुल्ला, इरानको रोक्का भएको सम्पत्ति खुल्ला, युद्धको क्षतिपुर्ति, आर्थिक प्रतिबन्ध फुकुवा, लेबनानमा युद्ध अन्त्य र हर्मुज जलमार्ग सञ्चालनका लागि नयाँ संयन्त्र बनाइने उल्लेख छ । यसअघि अमेरिकाले पाकिस्तानमार्फत इरानलाई ९ बुँदे शान्ति प्रस्ताव पठाएको थियो । जसमा दुई महिनासम्म युद्धविराम गर्ने विषय उल्लेख रहेको इरानका दुई अर्धसरकारी सञ्चारमाध्यम तास्निम र फार्सले जनाएका छन्।



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानको प्रस्तावबारे चाडैं समिक्षा गर्ने बताएका छन् । इरानले धेरै माग राखेकाले सहमतिबारे पनि उनले शंका गरेका छन् । 'म इरानले हामीलाई पठाएको योजनाबारे म चाडैं समिक्षा गर्नेछु । तर, यो स्विकार्य छ जस्तो लाग्दैन किनकी उनीहरुले मानवता र विश्व समुदायविरुद्ध विगत ४७ वर्षमा जे जति कार्य गरे, त्यसको ठूलो मूल्य अहिलेसम्म चुकाइसकेका छैनन,' उनले सामाजिक सञ्जाल ट्रुथ सोशलमा लेखेका छन् ।

## लिपुलेक...

त्यसैगरी, ऋजष्लब लाई समेत लिपुलेक क्षेत्रबारे आधिकारिक जानकारी गराइसकिएको उल्लेखले नेपालले आफ्नो विषयलाई क्षेत्रीय सन्दर्भमा समेत उठाउन खोजेको संकेत गर्छ। तर, दुई शक्तिशाली छिमेकीबीच सन्तुलन कायम राख्दै राष्ट्रिय हित सुरक्षित गर्नु नेपालको दीर्घकालीन कूटनीतिक चुनौती बनेको छ।

नेपाल-भारत सम्बन्ध ऐतिहासिक, सांस्कृतिक र आर्थिक रूपमा गहिरो रहेकाले सीमा विवाद समाधानमा संवेदनशीलता झन् आवश्यक छ। विज्ञप्तिमा पनि यही सन्देश दिँदै ऐतिहासिक सन्धि, प्रमाण र नक्साका आधारमा वार्ताबाट समाधान खोज्ने प्रतिबद्धता दोहोऱ्याइएको छ।

तर यथार्थ के हो भने–दाबी स्पष्ट भए पनि कार्यान्वयनतर्फ ठोस प्रगति देखिएको छैन। त्यसैले अबको आवश्यकता केवल अडान दोहोऱ्याउने होइन, प्रभावकारी वार्ता, अन्तर्राष्ट्रिय अभ्यास र कूटनीतिक सक्रियतामार्फत ठोस परिणाम निकाल्ने दिशामा अगाडि बढ्नु हो।

## बोक्सी...

प्रहरी टोलीमाथि स्थानीयवासीले अवरोध गर्नुका साथै आक्रमणको प्रयाससमेत गरेको जनाइएको छ। हाल पीडितलाई इलाका प्रहरी कार्यालय गरुडामा राखी अनुसन्धान अघि बढाइएको छ भने आरोपीहरूको खोजी कार्य जारी रहेको प्रहरीले जनाएको छ।

प्रहरीले घटनामा संलग्न दोषीमाथि कानुनअनुसार कडा कारबाही गरिने जनाएको छ।

यस घटनाले अझै पनि समाजका केही क्षेत्रमा विद्यमान अन्धविश्वासका कारण दलित समुदायमाथि हुने अमानवीय व्यवहार र हिंसाको गम्भीर अवस्था उजागर गरेको छ। यस्तो प्रवृत्ति नियन्त्रणका लागि सचेतना अभिवृद्धि र कानुनी कार्यान्वयनमा कडाइ आवश्यक देखिन्छ।

## सुकुम्वासी ...

सरकारलाई सुझाव दिएको छ। यससँगै, पछिल्लो समय स्थानीय तहहरूले संरचना भत्काउने कार्य गरिरहेको सन्दर्भमा संयम अपनाउन र कानुनी प्रक्रियाअनुसार अघि बढ्न पनि आग्रह गरिएको छ।

बैठकले आगामी स्थानीय तह निर्वाचनका लागि उम्मेदवार छनोट विधि पारित गर्दै सहमहामन्त्री विपिनकुमार आचार्यको संयोजकत्वमा उम्मेदवार छनोट तथा समन्वय समिति गठन गरेको छ। साथै, पार्टीको संसदीय दलको संशोधित विधान अनुमोदन गर्नुका साथै प्रथम महाधिवेशन सम्पन्न गर्न 'महाधिवेशन कार्यविधि-२०८३' समेत पारित गरिएको प्रवक्ता झाले जानकारी दिनुभयो।

रास्वपाले सुकुम्वासी समस्या समाधानमा ढिलाइ हुँदा सामाजिक तनाव बढ्न सक्ने भन्दै सरकारले स्पष्ट योजना र समयसीमा सहित अघि बढ्नुपर्नेमा जोड दिएको छ।

## सिर्सिया ...

उनले नदीको प्रदूषण अन्तर्राष्ट्रिय कानुनविपरीत भएको र यसले नेपाल-भारत सम्बन्धमा समेत नकारात्मक असर पार्न सक्ने उल्लेख गरेका छन्।

खुला पत्रमा सरकारले उद्योगबाट नदीमा मिसाइने फोहोर तथा र ासायनिक पदार्थमा कडा निगरानी गर्ने, राष्ट्रिय सरसफाइ अभियान सञ्चालन गर्ने, आधुनिक फोहोर प्रशोधन केन्द्र स्थापना गर्ने, प्रदूषण गर्ने उद्योगमाथि कानुनी कारबाही गर्ने, तीनै तहका सरकारबीच समन्वय गर्ने, नदी किनारका अतिक्रमण हटाउने तथा हरियाली प्रवर्द्धन गर्ने सुझाव दिइएको छ।

अभियन्ताहरूले सिर्सिया नदीको संर क्षण केवल स्थानीय मुद्दा नभई र ाष्ट्रिय वातावरण, जनस्वास्थ्य र भावी पुस्तासँग सम्बन्धित विषय भएको बताएका छन्।

वीरगञ्जवासी अहिले सरकारको प्रभावकारी कदमको प्रतीक्षामा छन्। सिर्सिया नदीलाई पुनः स्वच्छ, सुन्दर र जीवनदायिनी बनाउन सरकार को प्रतिबद्धता व्यवहारमा देखिने कि नदेखिने भन्ने विषय अहिले सबैको चासो बनेको छ।

## नक्कली...

अवस्था आएको छ, जसले सुनुवाइ प्रक्रियामा थप ढिलाइ गरिरहेको छ। जिल्ला सरकारी वकिल कार्यालयका अनुसार प्रमाण संकलन, साक्षी बयान र अन्य प्रक्रिया अझै पूरा हुन बाँकी छ। केही प्रमाणहरू अदालतले पुनः झिकाउने आदेश दिएको छ।

यो प्रकरणमा ३० जनाभन्दा बढी प्रतिवादी छन्, जसमा पूर्व उपप्रधानमन्त्री, पूर्व गृहमन्त्री, पूर्व सचिव, सांसद तथा बिचौलियासमेत संलग्न रहेको आरोप छ। उनीहरूमाथि किर्ते, ठगी, संगठित अपराध तथा राज्यविरुद्धको अपराधको अभियोग लगाइएको छ।

अनुसन्धानका क्रममा सरकारी संयन्त्रको दुरुपयोग गरी झुटो सूची तयार पारेर करिब ४२९ नेपालीलाई भुटानी शरणार्थीको आवरणमा अमेरिका पठाउने योजना बनाइएको खुलासा भएको थियो। यो प्रकरणले मुलुकको राजनीतिक तथा प्रशासनिक क्षेत्रमा ठूलो हलचल ल्याएको थियो।

तर, शक्तिशाली व्यक्ति संलग्न भएको यो मुद्दामा राजनीतिक दबाब, कानुनी प्रक्रिया ढिलाइ र प्रमाण व्यवस्थापनको समस्याका कारण अन्तिम टुंगो लाग्ने समय अझै स्पष्ट हुन सकेको छैन।

## बिमा...

बनेको छैन," एक अधिकारीले भने। उनका अनुसार नयाँ कार्यकारी निर्देशक नियुक्त भएपछि कानुनी प्रक्रिया अनुसार विषय बोर्डमा प्रस्तुत गरी आवश्यक निर्णय लिन सकिनेछ। हाललाई वडास्तरबाट आवश्यक विवरण प्राप्त भएपछि मात्र प्रक्रिया अगाडि बढ्ने बताइएको छ।

## मधेसी...

केन्द्रीय कार्यकारिणी समिति ५१ सदस्यीय हुने र यसको चयन महाधिवेशनबाट हुने प्रस्ताव गरिएको छ। सोही समितिले पार्टी अध्यक्ष चयन गर्ने तथा १५१ सदस्यीय केन्द्रीय समिति गठनका लागि मनोनयन गर्ने अधिकार पाउनेछ। महाधिवेशनअघि मार्गदर्शक मण्डलले अध्यक्ष मनोनयन गर्ने व्यवस्था समेत प्रस्तावमा समावेश गरिएको छ।

अध्यक्षका लागि कडा योग्यताक्रम पनि तोकिएको छ। स्नातकोत्तर तह उत्तीर्ण, कम्तीमा १० वर्ष राष्ट्रिय राजनीतिमा संलग्न, ३५ देखि ५० वर्ष उमेर समूहका व्यक्ति हुनुपर्ने प्रस्ताव छ। त्यस्तै, सरकारी वा लाभको पदमा नरहेको, सामाजिक रूपमा स्वच्छ छवि भएको, अधिकार र समानताप्रति प्रतिबद्ध, सामूहिक नेतृत्व स्वीकार गर्ने, कुशल व्यवस्थापक तथा लागू पदार्थ र मदिरा सेवन नगर्ने व्यक्ति हुनुपर्ने मापदण्ड राखिएको छ।

आर्थिक व्यवस्थापनतर्फ प्रारम्भिक ६ महिनाका लागि कार्यकारिणी सदस्यबाट ५० हजार रुपैयाँ र केन्द्रीय सदस्यबाट १० हजार रुपैयाँ संकलन गर्ने प्रस्ताव गरिएको छ। दीर्घकालीन रूपमा पार्टीले व्यवसाय सञ्चालन गर्ने र त्यसमा केन्द्रीय सदस्यहरूको अनिवार्य सहभागिता रहने व्यवस्था पनि प्रस्तावमा उल्लेख छ। लगानीअनुसार मासिक आम्दानी वितरण गर्ने योजना समेत राखिएको छ।

बैठकमा सहभागी नेताहरूका अनुसार यो खाकामाथि हाल प्रारम्भिक छलफल मात्र भएको छ। नेताहरूलाई अध्ययन गर्न भनिएको छ र आगामी बैठकमा विस्तृत छलफलपछि निर्णय लिइने जनाइएको छ। मोर्चामा जसपा नेपाल, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी नेपाल, राष्ट्रिय मुक्ति पार्टी नेपाल, तराई मधेश लोकतान्त्रिक पार्टीलगायत दलहरू सहभागी छन्।

## सम्पत्ति...

संशोधनअनुसार अनुसन्धानका क्रममा कुनै सम्बन्धित कसूरमा मुद्दा नचल्ने देखिए पनि अभियोजन राय प्रस्ताव गर्न बाधा नपर्ने व्यवस्था थपिएको छ। सरकारले यो संशोधनलाई वित्तीय अपराध नियन्त्रण तथा बजार पारदर्शिता सुदृढ गर्ने कदमका रूपमा प्रस्तुत गरेको छ।

## पचरौता...

बढेको र सम्भावित आपराधिक गतिविधिको जोखिम उच्च भएको बताएका छन्। मदिरा सेवनपछि झगडा, अव्यवस्था र सीमापार गतिविधिले शान्ति सुरक्षामा असर परेको उनीहरूको गुनासो छ।

सशस्त्र प्रहरीको गुल्म नजिकै भए पनि प्रभावकारी नियन्त्रण नहुँदा स्थिति नियन्त्रणबाहिर गएको आरोप स्थानीयले लगाएका छन्। उनीहरूका अनुसार प्रहरी उपस्थिति भए पनि माथिल्लो निर्देशन बिना कारबाही नहुने अवस्था रहेको छ। यसैबीच, सुरक्षा निकायका केही अधिकारीले यो विषय राजस्व कार्यालय तथा स्थानीय तहको क्षेत्राधिकारभित्र पर्ने भन्दै जिम्मेवारी पन्छाउने गरेको आरोप पनि छ।

स्थानीयले तत्काल अवैध मदिरा कारोबार, तस्करी र अनियन्त्रित होटल सञ्चालन नियन्त्रण गर्न सम्बन्धित निकायसँग कडा माग गरेका छन्। नियन्त्रण नभए सुरक्षा अवस्था थप गम्भीर बन्न सक्ने उनीहरूको चेतावनी छ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कलैया उपमहानगरपालिका द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

महागढीमाई नगरपालिका द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

निजगढ नगरपालिका द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

जीतपुरसिमरा उपमहानगरपालिका द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कोल्हवी नगरपालिका द्वारा जनहितमा जारी सन्देश ।

# सिंहदरबार पुनर्संरचना : चार मन्त्रालय गाभिने, प्रधानमन्त्री कार्यालय अझ शक्तिशाली

*काठमाडौं, वैशाख २० ।*
प्रशासनिक खर्च कटौती र कार्यक्षमता अभिवृद्धि गर्ने उद्देश्यसहित सरकारले सिंहदरबारको संरचनामा व्यापक फेरबदल गर्ने तयारी अन्तिम चरणमा पुऱ्याएको छ।



सरकारले १०० दिने लक्ष्यअन्तर्गत हालका मन्त्रालयहरूको संख्या घटाएर १७ वटामा सीमित गर्ने योजना अघि बढाएको हो। ड्डाष्अभ या the Prime Minister and Council of Ministers का सचिव गोविन्दबहादुर कार्कीको संयोजकत्वमा गठित कार्यदलले चार मन्त्रालय खारेज गरी अन्यमा गाभ्ने प्रस्ताव तयार पारेको छ।

प्रस्तावअनुसार सहरी विकास, युवा तथा खेलकुद, खानेपानी तथा सरसफाइ तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई स्वतन्त्र रूपमा नराखी समायोजन गरिनेछ। खानेपानी र सहरी विकासलाई भौतिक पूर्वाधार मन्त्रालयमा गाभेर 'एकीकृत भौतिक पूर्वाधार मन्त्रालय' बनाइनेछ भने खेलकुदलाई शिक्षासँग जोडेर 'शिक्षा तथा खेलकुद मन्त्रालय' बनाउने योजना छ। सरसफाइ क्षेत्रलाई स्वास्थ्य मन्त्रालयअन्तर्गत राखिनेछ। यसैगरी 'लैंगिक समानता तथा सामाजिक विकास मन्त्रालय' गठन गर्ने प्रस्ताव गरिएको छ, जसअन्तर्गत महिला, बालबालिका, युवा, जनसंख्या तथा सामाजिक सुरक्षा सम्बन्धी क्षेत्रहरू समेटिनेछन्। सबैभन्दा महत्वपूर्ण परिवर्तन भने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई प्रधानमन्त्री कार्यालयमा गाभ्ने योजना हो। यससँगै कर्मचारी व्यवस्थापनका लागि छुट्टै 'कर्मचारी व्यवस्थापन बोर्ड' गठन गरिनेछ। सूचना प्रविधि, विज्ञान प्रविधि तथा गरिबी निवारणसम्बन्धी कार्यहरू समेत प्रधानमन्त्री कार्यालय मातहत राखिने प्रस्ताव छ।

यस पुनर्संरचनापछि प्रधानमन्त्री कार्यालयले करिब ५० वटा निकायको समन्वय गर्ने गरी थप सुदृढ बन्ने अपेक्षा गरिएको छ। कार्यभार व्यवस्थापनका लागि प्रधानमन्त्री कार्यालयमा एक उपप्रधानमन्त्री वा वरिष्ठ मन्त्री राख्ने विषयमा समेत छलफल भइरहेको जनाइएको छ।

सरकारले आगामी हप्ताभित्र कार्यविभाजन नियमावली संशोधन गरी नयाँ संरचनालाई कानुनी मान्यता दिने तयारी गरेको छ।

# नक्कली भुटानी शरणार्थी प्रकरण : तीन वर्ष पुग्दा पनि फैसला कहिले हुन्छ भन्ने अन्योल कायमै

*काठमाडौं, २० वैशाख ।*
नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने योजनासम्बन्धी बहुचर्चित आपराधिक मुद्दा जिल्ला अदालत काठमाडौंमा दायर भएको तीन वर्ष पुगिसक्दा पनि अन्तिम फैसला कहिले आउँछ भन्ने अन्योल कायमै रहेको छ।




यो मुद्दामा अदालतमा सुनुवाइ निरन्तर नभई पटक-पटक पेसी सार्दै आएको देखिन्छ। २०८१ सालमा केवल ६ पटक मात्र पेसी चढेको यो मुद्दा २०८२ मा ४१ पटक पेसीमा परेको थियो भने २०८३ वैशाखयता पनि दुई पटक पेसी चढिसकेको छ। पछिल्लो पटक सोमबारका लागि पुनः पेसी तोकिएको छ।

मुद्दामा हाल विभिन्न चरणका प्रतिवादीहरू पुर्पक्षमा जेलमा रहेका छन् भने केही धरौटीमा र केही साधारण तारेखमा छन्। उच्च अदालत र सर्वोच्च अदालतका विभिन्न आदेशपछि थुनामा रहेका र धरौटीमा छुटेका प्रतिवादीहरूको अवस्था फरक-फरक रहेको छ।

मुद्दा ढिलाइ हुनुको प्रमुख कारणमध्ये अदालत र सरकारी वकिल कार्यालयका कागजातहरू (मिसिल) आगजनीमा जलेर नष्ट हुनु पनि एक रहेको बताइएको छ। जेन-जी आन्दोलनपछि भएको तोडफोड र आगजनीका क्रममा जिल्ला अदालत काठमाडौं र सरकारी वकिल कार्यालयमा रहेका मिसिल नष्ट हुँदा पुनः कागजात संकलन गर्नुपर्ने

बाँकी तेस्रो पृष्ठमा

# मधेसी दलबीच एकताको खाका सार्वजनिक, अध्यक्ष चयनदेखि आर्थिक व्यवस्थासम्म

*२० बैशाख, काठमाडौं ।*
मधेसी दलहरूबीच एकता गर्ने उद्देश्यसहित संघीय लोकतान्त्रिक मोर्चामा 'पार्टी एकीकरण खाका' प्रस्तुत गरिएको छ। जनता समाजवादी पार्टीका संरक्षक महन्थ ठाकुरको अध्यक्षतामा बसेको बैठकमा उक्त खाका पेश गरिएको हो।



प्रस्तावअनुसार एकीकृत पार्टीमा एक संरक्षक, एक अध्यक्ष, मार्गदर्शक मण्डल र केन्द्रीय कार्यकारिणी समिति रहने संरचना रहनेछ। कार्यकारिणी समितिलाई पार्टीको सबैभन्दा शक्तिशाली तथा निर्णायक निकायका रूपमा परिकल्पना गरिएको छ। मार्गदर्शक मण्डलको संयोजक संरक्षक रहने व्यवस्था गरिएको छ भने उक्त मण्डलमा हालका अध्यक्ष तथा वरिष्ठ नेताहरू रहनेछन्। पार्टी अध्यक्ष यस मण्डलको पदेन सदस्य रहने व्यवस्था पनि गरिएको छ।

बाँकी तेस्रो पृष्ठमा

# बिमा बोर्डमा दर्ता विवाद अलपत्र, कार्यकारी निर्देशक नहुँदा निर्णय प्रक्रिया रोकियो

*२० बैशाकक, काठमाडौं ।*
बिमा बोर्डमा दर्ता अधिकारीसम्बन्धी अधिकार स्थानीय वडालाई नै रहेको स्पष्ट व्यवस्था भए पनि त्यससम्बन्धी विवाद बिमा बोर्डसम्म पुगेको छ। सम्बन्धित अधिकारीका अनुसार दर्ता अधिकारी राख्ने, हटाउने वा इनरोल गर्ने अधिकार वडा तहकै हुने भएकाले बोर्डले सिधै निर्णय गर्न नमिल्ने व्यवस्था रहेको छ।




बोर्डमा निवेदन दर्ता गराएकी राधिकाले आफूलाई जानकारी नदिई नाम हटाइएको दाबी गरेकी छन्। तर हालसम्म सम्बन्धित वडाबाट कुनै आधिकारिक विवरण बिमा बोर्डमा प्राप्त नभएको बोर्डका अधिकारीले जानकारी दिएका छन्।

अधिकारीका अनुसार हाल बिमा बोर्डमा कार्यकारी निर्देशक रिक्त हुँदा औपचारिक बोर्ड बैठक बस्न सकेको छैन। कार्यकारी निर्देशकको अभावका कारण यस्तो प्रकृतिका विषयमा निर्णय प्रक्रिया अघि बढ्न नसकेको उनीहरूको भनाइ छ।

"अहिले बोर्ड बैठक बस्नका लागि कार्यकारी निर्देशक आवश्यक हुन्छ, त्यो नभएकाले निर्णय गर्ने अवस्था

बाँकी तेस्रो पृष्ठमा

# सम्पत्ति शुद्धीकरण ऐन संशोधन: तस्करी र इन्साइडर ट्रेडिङ पनि अभियोगमा समेटियो

*काठमाडौं, २० वैशाख ।*
सरकारले सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी ऐनमा संशोधन गर्दै तस्करी (स्मगलिङ) र इन्साइडर ट्रेडिङलाई पनि अभियोगको दायरामा समेटेको छ। गत सोमबार बसेको मन्त्रिपरिषद् बैठकको सिफारिसपछि उक्त अध्यादेश राजपत्रमा प्रकाशित भएको हो।

संशोधित व्यवस्थाअनुसार अब भन्सार, अन्तःशुल्क तथा करसँग सम्बन्धित तस्करी, प्रत्यक्ष तथा अप्रत्यक्ष करसम्बन्धी अपराध, धितोपत्र वा कमोडिटिज बजारमा हुने मार्केट म्यानिपुलेसन, तथा भित्री कारोबार (इन्साइडर ट्रेडिङ) जस्ता गतिविधि पनि सम्पत्ति शुद्धीकरण अन्तर्गत अनुसन्धान र कारबाहीको दायरामा पर्नेछन्।

त्यस्तै, मुद्रा, बैंकिङ, वित्तीय प्रणाली, विदेशी विनिमय, विनिमय अधिकारपत्र तथा बीमा सम्बन्धी अपराधसमेत सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित कसूरका रूपमा समावेश गरिएको छ।

संशोधित ऐनअनुसार सम्पत्ति शुद्धीकरण सम्बन्धी सूचना प्राप्त भएमा विभागले अनुसन्धान गर्नेछ र मुद्दा चल्ने अवस्था देखिएमा विशेष अदालतमा मुद्दा दायर गर्नुपर्ने व्यवस्था गरिएको छ। यसले अनुसन्धान प्रक्रिया र मुद्दा दायर गर्ने अधिकार संरचनामा पनि परिवर्तन ल्याएको छ। अध्यादेशले मूल ऐनको दफा २२ मा पनि संशोधन गर्दै सरकारी वकिल कार्यालयको भूमिका स्पष्ट पारेको छ। अब विभागको हकमा सरकारले राजपत्रमा सूचना प्रकाशित गरी तोकेको सरकारी वकिल कार्यालयमार्फत र अन्य अवस्थामा सम्बन्धित कार्यालयमार्फत मुद्दा दायर हुने व्यवस्था गरिएको छ।

त्यसैगरी, दफा २९ मा गरिएको

बाँकी तेस्रो पृष्ठमा


# नक्कली हतियार र सुरक्षाकर्मीका पोसाक फेला, इन्द्र राईसँग प्रहरीको सोधपुछ

*काठमाडौं, २० वैशाख २०८३*
काठमाडौंको अनामनगरस्थित धोबीखोला करिडोर क्षेत्रमा मापदण्ड विपरीत बनेका संरचना हटाउने क्रममा प्रहरीले नक्कली हतियार तथा विभिन्न सुरक्षाकर्मीका पोसाक बरामद गरेको छ। सोही घटनासँग सम्बन्धित इन्द्र राईसँग प्रहरीले सोधपुछ गरेको छ। जिल्ला प्रहरी परिसर काठमाडौंका अनुसार डोजर कारबाहीका क्रममा इन्द्र राईको घरभित्रबाट नेपाली सेना, नेपाल प्रहरी तथा भारतीय सुरक्षाकर्मीका पोसाकसहित 'डमी' हतियार भेटिएको हो।

प्रहरीका अनुसार प्रारम्भिक अनुसन्धानमा ती सामग्री चलचित्र निर्माण प्रयोजनका लागि राखिएको देखिएको छ। प्रहरी वृत्त बानेश्वरले इन्द्र राईसँग बयान लिएको छ भने घटनाको थप अनुसन्धान अघि बढाइएको छ। प्रहरी वरिष्ठ अधिकृतका अनुसार ती सामग्रीहरू गैरकानुनी गतिविधि वा सुरक्षासम्बन्धी गलत प्रयोगमा प्रयोग भएको हो कि होइन भन्ने कोणबाट पनि अनुसन्धान भइरहेको छ। त्यस्तै, शुभ लाभ फिल्म प्रोडक्सन प्रालिले चलचित्र छायांकनका लागि ती पोसाक र नक्कली हतियार प्रयोग गरेको प्रारम्भिक निष्कर्ष आएको प्रहरीले जनाएको छ। यद्यपि यसको आधिकारिक पुष्टि हुन बाँकी छ।

प्रहरीले घटनासँग सम्बन्धित सबै पक्षलाई समेटेर विस्तृत अनुसन्धान जारी राखेको जनाएको छ।


तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।



तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।



फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।



तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।



परवानीपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।



तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।



कोल्हवी नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।